पर्यटकीय गन्तव्य बन्दै हर्क गुरुङ स्मृति उद्यान

गण्डकी । लमजुङको जिल्लाको मर्स्याङ्दी गाउँपालिका-७ ताङ्लीचोकमा निर्मित भूगोलविद् डा. हर्क गुरुङ स्मृति पार्क पर्यटकीय गन्तव्य बन्दै गएको छ ।

डा. हर्क गुरुङ प्रतिष्ठानले उनको समाधीस्थलसँगै अर्धकदको सालिक निर्माण गरी उक्त स्थानलाई भूगोल एवम् इतिहासका अध्येता र पर्यटकका लागि पुग्नैपर्ने गन्तव्यका रूपमा विकास गर्न लागेको छ ।

विक्रम संवत् २०६३ असोज ७ गते ताप्लेजुङको घुन्सामा हेलिकप्टर दुर्घटनामा परी ज्यान गुमाएका गुरुङको शवलाई आफ्नै जन्मस्थलमा ल्याएर संस्कार गरिएको र अन्तिम संस्कार गरिएकै स्थानमा अर्धकदको सालिक निर्माण गरी हर्क गुरुङ स्मृति उद्यान निर्माण गरिएको हर्क गुरुङ प्रतिष्ठानका अध्यक्ष एवम् मर्स्याङदी गाउँपालिका-७ का वडाध्यक्ष तिलबहादुर गुरुङले जानकारी दिए ।

आफ्नो जीवनकालमा नै स्व. गुरुङले आफ्नो समाधि जन्मेकै गाउँठाउँमा होस् भन्ने चाहना व्यक्त गरे अनुसार नै उनको गाउँमा नै ल्याएर अन्तिम संस्कार गरिएको उनले बताए । हर्क गुरुङको योगदानलाई जीवन्त राख्नका लागि स्मृति पार्क निर्माण गरिएको बताउँदै अध्यक्ष गुरुङले पछिल्ला समयमा विभिन्न अनुसन्धाता एवम् शैक्षिक संस्थाबाट यस पार्कको भ्रमणका लागि आउने गरेको जानकारी दिए ।

उनका अनुसार प्रतिष्ठानले आर्थिक वर्ष २०७४/७५ बाट सार्क निर्माण कार्यलाई अघि बढाएको छ । उद्यानको निर्माणका लागि मर्स्याङ्दी गाउँपालिकाले गुरुयोजना तयार गरिदिएको र त्यही अनुरूप निर्माण कार्य अघि बढेको उनले जानकारी दिए ।

गुरुयोजना अनुसारका निर्माण सम्पन्न गर्न ६ करोड ३१ लाख लाग्ने अनुमान गरिएको छ। उद्यान परिसरको साढे २ रोपनी जग्गा प्रतिष्ठानको नाममा रहेको र थप साढे ४ रोपनी जग्गा प्रतिष्ठानलाई प्रयोगका लागि परिवारजनबाट मञ्जुरीनामा प्राप्त भएको बताउँदै अध्यक्ष गुरुङले त्यसबाहेक करीब साढे ३ रोपनी किन्ने तयारी गरिएको जानकारी दिए ।

गुरुयोजना अनुसार अपेक्षित सबै किसिमका पूर्वाधार निर्माणका लागि करीब १५ रोपनी जग्गा आवश्यक रहने उनको भनाइ छ । गुरुयोजना अनुसारका पूर्वाधार निर्माण गदै यस ठाउँलाई भूगोल तथा इतिहासका अध्येताका लागि अध्ययन अनुसन्धानको थलोका साथै स्वदेशी एवम् विदेशी पर्यटकलाई पुग्नैपर्ने गन्तव्यका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य रहेको उनले जानकारी दिए ।

लमजुङ मर्स्याङ्दी गाउँपालिका-७ तराँचे ताङ्लीचोकमा जन्मिएका डा. हर्क बहुमुखी प्रतिभाका धनी थिए । विश्व वन्यजन्तु कोष नेपालले आयोजना गरेको कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना स्थानीय समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रममा भाग लिएर फर्किने क्रममा उनी चढेको हेलिकप्टर विक्रम संवत् २०६३ असोज ७ गते (२००६, सेप्टेम्बर २३) को दिन दुर्घटना हुँदा मृत्यु भएको थियो । उनीसहित २४ जनाले दुर्घटनामा एकैपटक ज्यान गुमाएका थिए ।

भूगोलविद्, योजनाविद्, मानवशास्त्री, चित्रकार, राजनीतिज्ञ, संरक्षणविद् लगायतका आफ्नो विभिन्न चिनारी बनाउन सफल डा. हर्क गुरुङले लेखेको पुस्तक 'भिन्नेट्स अफ नेपाल'को नेपाली अनुवाद 'मैले देखेको नेपाल' चर्चित पुस्तकमध्ये एक मानिन्छ ।

उनी पर्यटनमन्त्री समेत थिए । नेपाली पर्वतको आख्यानकार डा. गुरुङले खुम्बु क्षेत्रको पर्यटनको गुरुयोजना बनाएका थिए । नेपाल पर्वतारोहण संघलाई व्यावसायिक संस्थाका रूपमा विकास गराउन पनि उनको ठूलो योगदान छ । पोखरामा बनेको अन्तरराष्ट्रिय पर्वतीय संग्रहालय उनकै पहलमा स्थापना भएको थियो ।

स्व. गुरुङका योगदानलाई हर्क गुरुङ स्मृति पार्कका माध्यमबाट जीवन्त राख्नका लागि गाउँपालिका निरन्तर लागिरहेको गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताए । मर्स्याङ्दी गाउँपालिकासहित समग्र लमजुङ जिल्लामा धेरै पर्यटकीय गन्तव्य रहेको बताउँदै उनले सबैलाई समेटेर पर्यटकीय विकासमा अघि बढ्न खोजिएको जानकारी दिए ।

'यो क्षेत्र हर्क गुरुङसहित भक्ति थापा, माधव घिमिरे जस्ता व्यक्तित्वको जन्मस्थल हो,' उनले भने, 'उहाँहरूको योगदानलाई जीवन्त राख्दै यो क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने हाम्रो योजना छ ।'

पछिल्ला समयमा विभिन्न शैक्षिक संघसंस्थाबाट पार्कको भ्रमणका लागि आउने गरेको अध्यक्ष गुरुङले जानकारी दिए । हालै कस्केली अधिकृत समाजले यस क्षेत्रमा प्रवर्द्धनात्मक भ्रमण गरेको छ ।

समाजको नेतृत्वमा ६० सदस्यीय टोलीले हर्क गुरुङ स्मृति उद्यान लगायत यस क्षेत्रका विभिन्न स्थानको प्रवर्द्धनात्मक भ्रमण गरेको अध्यक्ष चन्द्रबहादुर सुवेदीले जानकारी दिए । अध्यक्ष सुवेदीका अनुसार गुरुङको योगदानलाई जीवन्त राख्नका लागि बनाइएको उद्यानलाई व्यवस्थित बनाउँदै यसलाई महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिन्छ ।

नेपालको पहिलो भूगोलविद्, पर्यटनविद्का साथै योजनाकार स्व. हर्क गुरुङको योगदानलाई पुस्तौंसम्म बचाउनका लागि निर्मित हर्क गुरुङ स्मृति पार्क महत्वपूर्ण बन्ने समाजका सचिव महेश पौडेलले बताए । उद्यानलाई अनुसन्धाताका साथै पर्यटकका लागि पुग्नैपर्ने गन्तव्यका रूपमा विकास गर्नेतर्फ प्रतिष्ठान लाग्नुपर्ने उनको भनाइ छ ।

सुन्दरबजारबाट बसाइँसराइँ गर्ने बढ्दै



सुन्दरबजार । लमजुङ जिल्लाको सुन्दरबजार नगरपालिकाबाट अन्यत्र बसाइँ सर्नेको संख्या पछिल्लो समय बढेको छ ।

चालू आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म ७२ परिवारका १९८ जना अन्यत्र बसाइँ सरेका छन् ।

नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका एमआईएस अपरेटर सन्तोष पोखेलले गत आवमा २८ परिवारका ९३ जना बसाइँ सरेकामा चालू आवको चैतसम्म त्यो संख्या दोब्बरले बढेको जानकारी दिए । उनका अनुसार नगरभित्र पनि अन्यत्रबाट बसाइँसराइँ गरी आउनेको संख्या बढेको छ ।

गत आवमा १३ परिवारका २७ जना सुन्दरबजार आएका थिए भने चालू आवको चैत मसान्तसम्म ३९ परिवारका १२० जना नगरमा बसाइँसराइँ गरी आएका पोखेलले उल्लेख गरे ।

११ वडा रहेको सुन्दरबजार नगरपालिकाका केही वडामा बजार विस्तार तीव्र गतिमा भइरहेका छन् भने केही वडा अझै ग्रामीण र दुर्गम अवस्थामा छन् । ग्रामीण वडाबाट बजार क्षेत्रमा बसाइँ सर्ने प्रवृत्ति बढ्दो रहेको पोखेलले बताए । बजार क्षेत्रबाट ठूला शहरतर्फ बसाइँसराइँको गति तुलनात्मक रूपमा केही कम रहेको उनको भनाइ छ । चालू आर्थिक वर्षमा सबैभन्दा बढी सुन्दरबजार-३ बाट १४ परिवारका ४१ जना र सबैभन्दा कम वडा नम्बर ५ र १० बाट २-२ परिवारका ६-६ जना बसाइँ सरेका पोखेलले जानकारी दिए ।

बसाइँसराइँ बढ्नुका मुख्य कारण शिक्षा, स्वास्थ्य, रोजगारी र लगानीको खोजी रहेका नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत विवेककुमार पण्डितले बताए । 'बसाइँसराइँ रोक्ने स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गर्नु, प्राविधिक शिक्षालय सञ्चालन तथा लगानीको वातावरण बनाउनेतर्फ पालिकाको प्राथमिकता हुनुपर्छ,' उनले भने ।

नगर प्रमुख कृष्णप्रसाद कोइरालाले सुन्दरबजारबाट बाहिरिनेको संख्या भित्रिनेको भन्दा बढी हुनु नगरका लागि चिन्ताको विषय बनेको बताए । उनले भने, 'पालिकाले रोजगारी तथा सेवा प्रवाह सहज हुने कार्यक्रम लागू गरिरहेको छ । बसाइँसराइँको कारण पहिचान गरी समाधानको उपाय अवलम्बन गर्दै अगाडि बढ्नेछौं ।'

उनका अनुसार आर्थिक सम्पन्नता, शिक्षा, स्वास्थ्य उपचार, रोजगारी, व्यापार व्यवसाय, पारिवारिक सम्पर्क लगायत विविध कारणले नगरवासी ठूला शहरतिर बसाइँ सरिरहेका छन् ।

'माथागढी पार्क' स्थानीय सरकारलाई हस्तान्तरण

तानसेन । पाल्पा जिल्लाको माथगढी गाउँपालिका-५ मा रहेको ऐतिहासिक माथागढी उद्यान पार्क निर्माण गरी माथागढी गाउँ सरकारलाई हस्तान्तरण गरिएको छ ।

नेपाली सेना मध्यपश्चिम हेक्डक्वाटर बुटवलको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उद्यानको पृतनापति उपरथि प्रेमबहादुर पुनले गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीलाई हस्तान्तरण गरेका हुन् ।

करीब ८ लाख रुपैयाँमा नेपाली सेनाले पार्क निर्माण गरेको हो । यो गढी तत्कालीन भूरे राजाले निर्माण गरेका थिए । भूरे राजाको विस्तृत इतिहास थाहा नभए पनि स्थानीय बुद्धिजीवीका अनुसार पाल्पाका सेन राजामध्येका राजाले यस स्थानमा गढी बनाइ बसेको र पछि राजाले यस स्थान छाडेर गएको भन्ने भनाइ छ । एक्कासि राजाले यस स्थान छाडेर गएपछि राजा उडेर गए भन्ने किंवदन्ती रहेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् ।

नेपाल अंग्रेज युद्धको दौरानमा यहाँको गढीलाई बलियो बनाई तत्कालीन कर्णेल उजीरसिंह थापाले दक्षिण पूर्वीभागबाट हुनसक्ने सम्भावित अंग्रेज फौजको हमलाविरुद्ध रक्षात्मक लडाइँ लड्न ३०० जनाको टुकडी यस गढीमा तैनाथ गरेका भन्ने जानकार बताउँछन् ।

'दक्षिण जीतगढीतर्फको असफलतापछि पाल्पा आक्रमणका क्रममा अंग्रेज फौजले दक्षिण पूर्वीदिशाबाट हमलाका लागि अंग्रेज फौज आइरहेको हल्लापछि कर्णेल उजीरसिंहले यस किल्लालाई मजबुद बनाउँदै फौज तैनाथ गरेका थिए । अंग्रेज फौजलाई बाटो देखाउने तत्कालीन पाल्पा राज्यका सल्लाहकार कनकनिधि तिवारी नदीमा बिहानको स्नान गर्न गएका बेला मारिएपछि अंग्रेज फौजले बाटो पत्ता लगाउन नसकी यस गढीमाथि हमला गर्न सकेनन् । साथै जीतगढी र नुवाकोट गढीमा अंग्रेज फौजलाई रोक्न नसकेको अवस्थामा यस गढीमा आई लड्ने वैकल्पिक योजनासहित किल्लाका रूपमा गढीको स्थापना भएको हो इतिहास छ,' अध्यक्ष चिदीले भने ।

उनका अनुसार यहाँ ठूलो कडावाला तमौरामा तत्कालीन युद्धमा प्रयोग गरिने धनुष, काँडा र तरवारजस्ता युद्ध सामग्री देख्न पाइन्छ । नजिकैको झुम्सा खोलाको ढुङ्गाको प्रयोग गरी गढीको निर्माण गरिएको भन्दै उनले गढी वरिपरि करीब ४ वटा ट्रेन्च (गाली) र क्रोलिङ ट्रेन्च (घिस्रिने नाली) रहेका बताए । नेपाल अंग्रेज युद्धपछि पनि विक्रम संवत् २००७ सालमा नेपाली फौज गढीमा बसेको थियो ।

सांस्कृतिक रूपमा पनि यस गढीको छुट्टै महत्व रहेको छ । किंवदन्ती अनुसार स्थानीयको सपनामा आएर शक्ति स्वरुपिणी कालीले आफूले यस स्थानमा बस्ने इच्छा गरेकी थिइन् । यदि साँच्चिकै शक्ति हौ भने यस स्थानमा रहेको ठूलो चिलाउनेको रुखलाई सोही राति चट्याङले तहसनहस गरी प्रमाणित गर्न र आफूले मन्दिर स्थापना गर्ने भाकल गरेपश्चात् सोही राति चट्याङ लागि रुख तहसनहस भएपछि यस स्थानमा माथागढी कालिका देवीको मन्दिर स्थापना गरिएको जनविश्वास रहिआएको छ । हालसम्म पनि यस स्थानमा देवीको शक्ति पूजा हुने गर्छ ।

सेनाले अहिले पार्क निर्माण गरी संरक्षण गर्न भन्दै स्थानीय सरकारलाई हस्तान्तरण गरेको छ । गढीको पार्क हस्तान्तरण गर्दै पृतनापति पुनले ऐतिहासिक स्थल र सम्पदाको संरक्षणको लागि नेपाली सेनाले सहयोग पुऱ्याउँदै आएको बताए । उनले स्थानीय नागरिक र नेपाली सेनाको सम्बन्ध सुमधुर बनाउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

गाउँपालिका अध्यक्ष चिदीले इतिहासलाई जीवन्त राख्न यस्ता सम्पदाको प्रचारप्रसार र संरक्षण, प्रवर्द्धन गर्न आवश्यक रहेको बताउँदै पालिकाले ऐतिहासिक स्थलको संरक्षणमा सहयोग गर्ने उल्लेख गरे ।

Government of Nepal

Special Government Attorney Office

Maitighar, Kathmandu

Invitation for Sealed Quotation

Date of Publication: 2082-01-26 (09th May, 2025)

Special Government Attorney Office Invites electronic bid only form eligible bidders for procurement of the goods under Sealed Quotation procedure. For further information, visit e-GP portal of PPMO **www.bolpatra.gov.np/egp**.

S.N.	Contract No.	Description of Work	Estimated Amount	Bid Security Amount NRs	Price of Document Fee NRs.	Bid Submission Deadline	Opening Date and Time
1	SGAO/SQ/G/81/82-01	Furniture and Furnishing Works at Special Government Attorney Office, Maitighar, Kathmandu	17,08,836.00	50,000.00	1,000.00	2082/02/09 12:00 PM	2082/02/09 13:00 PM

Office Chief

MJS Makar jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८

Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

Unaudited Financial Reports (Quarterly)

As on Chaitra end, 2081 3rd Quarter of Fiscal Year 2081/82

Statement of Financial Position *(figures in NPR)*

Particulars	Quarter Ending Chaitra 2081 (Unaudited)	Quarter Ending Poush 2081 (Unaudited)	Quarter Ending Chaitra 2080 (Unaudited)
Assets			
Non-Current Assets			
Property, plant and equipment	37,87,239	40,24,394	71,07,333
Intangible assets	2,65,17,21,501	2,67,55,42,453	2,68,12,46,579
Intangible Assets (Held under construction)	-	-	-
Total Non-Current Assets	**2,65,55,08,740**	**2,67,95,66,847**	**2,68,83,53,912**
Current Assets			
Cash and cash equivalents	9,80,58,694	6,77,08,918	3,21,57,436
Other Financial Assets	4,97,08,234	7,23,62,668	5,52,53,675
Other Assets	17,88,623	1,00,77,447	35,71,227
Total Current Assets	**14,95,55,550**	**15,01,49,034**	**9,09,82,338**
Total Assets	**2,80,50,64,291**	**2,82,97,15,881**	**2,77,93,36,250**
Equity and Liabilities			
Equity			
Equity share capital	76,00,00,000	76,00,00,000	76,00,00,000
Retained Earnings	4,18,54,904	6,20,72,341	(3,81,97,811)
Total Equity	**80,18,54,904**	**82,20,72,341**	**72,18,02,189**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	1,99,91,73,983	2,00,47,72,908	2,04,72,73,981
Total Non-Current Liabilities	1,99,91,73,983	2,00,47,72,908	2,04,72,73,981
Current Liabilities			
Short Term Borrowing	-	-	-
Trade Payables	4,12,500	3,26,316	2,91,125
Other Current Liabilities	36,22,904	25,44,316	99,68,955
Total Current Liabilities	**40,35,404**	**28,70,632**	**1,02,60,080**
Total Liabilities	**2,00,32,09,386**	**2,00,76,43,540**	**2,05,75,34,061**
Total Equity and Liabilities	**2,80,50,64,291**	**2,82,97,15,881**	**2,77,93,36,250**

Statement of Profit or Loss

Particulars	Quarter Ending Upto Chaitra 2081 (Unaudited)	Quarter Ending Upto Poush 2081 (Unaudited)	Quarter Ending Upto Chaitra 2080 (Unaudited)
Revenue from sale of Electricity	31,42,12,983	24,52,58,385	19,00,36,172
Revenue from service concession agreement	-	-	48,48,01,848
Less:Cost of sales	1,45,48,604	75,48,364	49,21,71,151
Gross Profit	**29,96,64,379**	**23,77,10,021**	**18,26,66,868**
Depreciation & Amortization	7,23,28,320	4,82,70,214	5,10,82,077
Other Income	75,169	74,644	5,315
Employee Benefits Costs	1,57,81,817	1,00,39,972	57,20,848
Administrative and Other Operating Expenses	1,70,67,432	1,15,80,963	58,47,793
Profit from operation	**19,45,61,979**	**16,78,93,516**	**12,00,21,466**
Finance Costs	13,77,32,866	9,19,83,550	10,80,06,173
Profit Before tax & Employee Bonus	**5,68,29,113**	**7,59,09,966**	**1,20,15,293**
Employee Bonus	11,36,582	-	-
Profit before Tax	**5,56,92,531**	**7,59,09,966**	**1,20,15,293**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**5,56,92,531**	**7,59,09,966**	**1,20,15,293**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-	-	-
i. Re-measurement (losses)/ Gains on post Employment Defined Benefit Plans	-	-	-
ii. Equity instruments through Other Comprehensive Income	-	-	-
iii. Tax Relating items that will not be classified to profit or loss	-	-	-
Other comprehensive gain/ (loss) for the year, net of tax	-	-	-
Total comprehensive gain/ (loss) for the year, net of tax	**5,56,92,531**	**7,59,09,966**	**1,20,15,293**

Third Quarter Disclosure as of Chaitra end, 2081 (13th April 2025) as per Securities Registration and Issuance Regulation Annexure 14 (Related to Sub-regulation 1 of Regulation 26)

1. Financial Statements

a) The financial statements for the period ended as on third quarter have been published as a part of this report.
b) The unaudited figures for FY 2081-82 (i.e. quarter ending Chaitra 2081) have been presented for improved clarity and accuracy.
c) The financial information as of the end of the third quarter is presented based on unaudited figures for informational purposes only.
d) Key Financial Ratios at the end of the quarter:

Other Financial Highlights

Particulars	Quarter Ending Chaitra 2081 (Unaudited)	Quarter Ending Poush 2081 (Unaudited)	Quarter Ending Chaitra 2080 (Unaudited)
Interest Income	3,499	2,974	5,315
Interest Expenses	13,77,32,866	9,19,83,550	10,80,06,173
Net Interest Income	(13,77,29,367)	(9,19,80,576)	(10,80,00,858)
Total Operating Income	31,42,12,983	24,52,58,385	19,00,36,172
Operating Profit	19,44,86,810	16,78,18,872	12,00,16,151
Profit Before Tax	5,68,29,113	7,59,09,966	1,20,15,293
Tax	-	-	-
Net Profit	5,56,92,531	7,59,09,966	1,20,15,293
EPS(Basic)	7.33	9.9882	1.58
Annualised Earning Per Share	9.77	19.9763	2.11
PE Ratio	94.84	63.28	251.75
ROA	1.99%	2.68%	0.43%
ROE	6.86%	9.35%	1.66%
Networth Per Share	105.51	108.17	94.97

2. Management Analysis

a) Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:
We have reported a notable increase in revenue from electricity sales in the current quarter compared to the corresponding quarter of the previous fiscal year. This growth is primarily attributed to the full-scale operation of newly commissioned hydropower projects, which became operational during this period. The newly added generation capacity has significantly boosted electricity output, enabling the company to supply more power to the national grid and maximize sales under existing Power Purchase Agreements (PPAs). The positive impact of these projects is now being reflected in the revenue figures, marking a key milestone in the company's growth trajectory.
ii. The revenue for the quarter has declined compared to the previous quarter due to a decrease in electricity generation during the dry season. The reduced water flow in the river has led to lower hydropower production, directly impacting the company's revenue from energy sales.

b) The statement of management analysis on the upcoming business plan:
The company management is persistently working on improving internal control system and risk management practices.

c) The analytical statement of the possible effect on company's profitability, stock and cash flow based on the past experience:
The Company has maintained steady progress and there has been no such other incident during the period which might have negative impact on the profit or cash flow of the company.

3. Statement relating to Legal Action

a) Case filed by or against the Company during the quarter, if any: None
b) Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
c) Case filed against the Promoter or Director on financial crime, if any: None

4. Analysis of the share transaction of the company

a) During the second quarter, MAKAR shares traded actively for a day till the end of Chaitra 2081 as its shares were listed in NEPSE on 21th of Baishak 2080 and began trading on 25th Baishak 2080.
b) The highlights of the share transactions during the quarter are as follows:

Maximum Price (NRP)	Minimum Price (NRP)	Closing Price (NRP)	Transaction Days
859	635	695.01	65

5. Problems and Challenges

a) Internal
- Retention and optimization of skilled human resource.
- Maintaining operational efficiency
- Fund management

b) External
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects.
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Inadequate existing transmission line.

c) Strategies
- Implementation of HR optimization plan.
- Lobbying with government authorities for investment friendly environment.
- Identification of different financial instruments along with risk assessment.
- Development of various internal policies and procedures.

6. Corporate Governance

The Board of Directors are committed to upholding good corporate governance practice in the company through implementation of policies and guidelines for proper functioning of the company. Various committees and sub-committee that are to be formed in compliance with Companies act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Security Exchange Board of Nepal are in the process of formation.

7. Declaration of Truth, Tactfulness

The Company, take responsibility for accuracy of the information and details mentioned in this report. I also declare that the information and details mentioned in this report are complete, true, based on facts and the information, details necessary for making informed decision by the investors are not concealed.